२०७९ सालको कार्यविधि नं. १७

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ | संख्याः १७ | मितिः२०७९।१२।३०

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका स्वास्थ्य बीमा संयोजन समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावनाः**

स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २६ मा प्रत्येक स्थानीय तहमा स्वास्थ्य बीमा सम्बन्धी कार्यक्रम कार्यान्वयन तथा सहजीकरण गर्ने लगायतका कार्य गर्नका लागि स्थानीय सरकारले तोके बमोजिमको एक स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति रहनेछ भन्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउन वाञ्छनीय भएकोले स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाले यो बीमा संयोजन समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "हेटौंडा उपमहानगरपालिका स्वास्थ्य बीमा संयोजन समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले स्वास्थ्य बीमा बोर्ड ऐन, २०७४ सम्झनुपर्छ ।

(ख) "कार्यक्रम" भन्नाले स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २ को खण्ड (ख) बमोजिमको कार्यक्रम सम्झनुपर्छ ।

(ग) "नियमावली" भन्नाले स्वास्थ्य बीमा बोर्ड नियमावली, २०७५ सम्झनुपर्छ ।

(घ) "उपमहानगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकालाई सम्झनुपर्छ ।

(ङ) "प्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(च) "उपप्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हेटौंडा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "बोर्ड" भन्नाले स्वास्थ्य बीमा बोर्ड सम्झनुपर्छ ।

(झ) "संयोजन समिति" भन्नाले स्वास्थ्य बीमा बोर्ड नियमावली, २०७५ को नियम २६ तथा यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको संयोजन समिति सम्झनुपर्छ ।

## परिच्छेद-२

## समितिको गठन

३. **संयोजन समिति गठनः** (१) स्वास्थ्य बीमा बोर्ड नियमावली, २०७५ को नियम २६ अनुसार पालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्न देहाय बमोजिमको उपमहानगरपालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समिति रहनेछः

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) नगर उपप्रमुख | सहसंयोजक |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) नगर प्रमुखले मनोनित गरेको सबै भन्दा बढी जनसंख्या भएको क्रमशः दुई वडाका वडा अध्यक्ष | सदस्य |
| (ङ) नगर प्रमुखले मनोनित गरेको प्रतिनिधि, सेवा प्रदायक संस्था | सदस्य |

(च) नगर प्रमुखले मनोनयन गरेको स्वास्थ्य क्षेत्रको अनुभव/विज्ञता हासिल गरेका एक र महिला स्वास्थ्य स्वयंसेविका सहित दुइ जना — सदस्य

(छ) सामाजिक विकास महाशाखा प्रमुख — सदस्य

(ज) हेटौंडा उपमहानगरपालिका हेर्ने दर्ता अधिकारी स्वास्थ्य बीमा बोर्ड — सदस्य

(झ) स्वास्थ्य शाखा प्रमुख — सदस्य सचिव

(२) संयोजन समितिको बैठक वर्षमा कम्तिमा चार पटक बस्नेछ ।

(३) सदस्य सचिवले बैठकको कार्यसूची संयोजकको स्वीकृतिमा तय गर्नु पर्नेछ ।

(४) संयोजकले तोकेको समय र स्थानमा बैठक बस्नेछ ।

(५) बैठकमा कुनै खास विषय विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) सदस्यहरुलाई बैठक बस्ने जानकारी र बैठकमा पेश हुने कार्यसुची सामान्यतया तीन दिन अघि दिनु पर्नेछ तर कुनै खास बिषयमा चौबिस घण्टा अघि जानकारी दिई वैठक बस्न बाधा पर्ने छैन ।

(७) वैठकको निर्णय बहुमतबाट हुनेछ र सदस्य सचिवले वैठकको निर्णय प्रमाणित गर्नेछन् ।

(८) बैठक बसेको दिनमा पदाधिकारीहरुले प्रचलित नियम बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(९) सचिवालयको काम यस उपमहानगरपालिकाको स्वास्थ्य शाखाले गर्नेछ ।

४. **<u>संयोजन समितिको काम, कर्तव्य र अधिकारः</u>** संयोजन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) उपमहानगरपालिका क्षेत्रभित्र कार्यक्रम विस्तार गर्न प्रवर्द्धनात्मक कार्यमा सहयोग गर्ने,

(ख) उपमहानगरपालिका अन्तर्गतका सरकारी, सार्वजनिक संस्थाहरुको कर्मचारी र परिवारलाई स्वास्थ्य बीमाको दायरमा ल्याउन नियमावलीले तोके बमोजिम प्रिमियमको व्यवस्था गरी कार्यक्रममा आवद्ध गर्ने,

(ग) अति गरिव परिवारलाई कार्यक्रममा आवद्ध गर्न उपमहानगरपालिका र बोर्डबीच समझदारी गर्ने,

(घ) नसर्ने रोगको लागि कार्यक्रमले दिई आएको सुविधा उपलब्ध गराउन वा वृद्धि गर्न बोर्डसँग साझेदारी गर्ने,

(ङ) कार्यक्रमगत रुपमा बोर्डलाई सशर्त अनुदान उपलव्ध गराउने,

(च) उपमहानगरपालिका अन्तर्गत रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सेवाको गुणस्तर वृद्धि गर्ने, गराउने,

(छ) बीमाबाट प्रदान गरिने औषधिहरु उपमहानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुद्वारा सञ्चालित फार्मेसीमा उपलब्ध हुने व्यवस्थामा सहयोग गर्ने, गराउने,

(ज) स्वास्थ्य संस्थाहरुमा चिकित्सकको उपलब्धता हुने व्यवस्था गर्ने, गराउने,

(झ) स्वास्थ्य संस्थाहरुमा उपकरण, प्रयोगशालाको सेवामा निरन्तरता, स्तरोन्नती र पूर्वाधार अभिवृद्धिमा सहयोग गर्ने,

(ञ) कार्यक्रम प्रवर्द्धनका सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश र बोर्डसँग समन्वय गर्ने,

(ट) संयोजन समितिले आवश्यक देखेका बीमा कार्यक्रमसँग सम्बन्धित अन्य विषयहरु ।

**५. <u>बजेटः</u>** स्वास्थ्य बीमा संयोजन समितिको सचिवालय सञ्चालनको लागि आवश्यक खर्चको व्यवस्था उपमहानगरपालिकाले गर्नेछ ।

## परिच्छेद-३

## विविध

**६. <u>कार्यविधिमा संशोधनः</u>** नगर कार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ ।

**७. <u>बाधा अड्काउ फुकाउने अधिकारः</u>** यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्चन पर्न आएमा उपमहानगरपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

**८. <u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्यविधिमा लेखिएको कुनै विषय प्रचलित कानूनसँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

**<u>आज्ञाले</u>**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र